KATHMANDU UNIVERSITY
SCHOOL OF MEDICAL SCIENCES

२०७६ पौष १८

# विज्ञप्ती

आदरणिय जनसमुदाय तथा पत्रकार मित्रहरु

काठमाडौं विश्वविद्यालयका आन्दोलनरत शिक्षक तथा कर्मचारीहरुले गत २०७६ पौष १६ गतेका दिन धुलिखेल अस्पताल परिसरमा रहेको काठमाडौं विश्वविद्यालय, स्कुल अफ मेडिकल साईन्सेज डीनको कार्यालय बन्दगर्ने उद्देश्यका साथ ठूलो संख्यामा आन्दोलनरत शिक्षक तथा कर्मचारीहरुले अस्पतालको प्रवेशद्वार बाट नै नाराबाजी तथा जुलुस प्रदर्शन गरेको अवस्थामा अस्पतालमा कार्यरत डाक्टर तथा कर्मचारीहरु द्धारा अत्यन्त आदरका साथ अनुरोध गर्दा,आन्दोलनरत पक्षले, अस्पताल जस्तो संवेदनशिल तथा प्राज्ञिक क्षेत्रमा गैह्र व्यवसायीक,अभद्र र उश्रृंखल व्यवहार प्रस्तुत भएको थियो तर आन्दोलन पक्षबाट सामाजिक संजाल तथा केही पत्रपत्रिकाहरुमा उल्टो समाचार सम्प्रेसन गरेर भ्रम पैदा गरेको प्रति अस्पताल तथा स्कुल परिवार खेद प्रकट गर्दछ ।

अस्पताल जस्तो अति संवेदनशील एवं आवश्यक सेवा क्षेत्रमा होहल्ला तथा जुलुस गर्न नपाउने प्रचलित नेपालको कानुनमा व्यवस्था रहेको हामी सवैमा विदितै छ ।

विश्वविद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीको सेवा सुविधाका सम्बन्धमा प्रचलित नेपाल कानुन बमोजिम गरिने हरेक शान्तिपुर्ण गतिविधि उपर सदा समर्थन र सहयोग रहने नै छ, साथै विश्वविद्यालयको नेतृत्व तह संग विश्वविद्यालयमा कार्यरत शिक्षक कर्मचारीहरुको मागहरु सम्बोधन गर्न र विश्वविद्यालय स्थापनागर्दा लिईएका मुल्यमान्यता विपरित विद्यार्थीको गुणस्तरिय शिक्षा प्राप्तगर्ने अधिकार हननहुने गरि भैरहेका गतिविधि छिटो समाधान गर्न अनुरोध गर्दछौं ।

स्कुल अफ मेडिकल साईन्सेजका डीन तथा सह डीनबाट आदरका साथ उक्त स्थानमा प्रदर्शन तथा अभद्र व्यवहार नगर्न अनुरोध गरिएकोमा हातपात गरिएको भन्ने समाचार र विज्ञप्ती गलत भएको हुनाले भ्रममा नपर्न अनुरोध गर्दछौं । कुन पक्षबाट कस्तो व्यवहार प्रस्तुत भएको थियो भन्ने प्रमाणहरु हामी संगै सुरक्षित रहेको तथा संम्प्रेशण गरेको भिडियो बाट पनि बुझ्न सकिने छ ।

आदरणिय पत्रकार मित्रहरु तथा सामाजिक संजाल प्रयोगकर्ता महानुभावहरुमा देशको प्राज्ञिक क्षेत्रमा भित्रिएको गैह्र व्यवसायिक असिष्ट गतिविधिलाई बढुवा नदिई सत्य तथ्य समाचार प्रकाशन गरी प्राज्ञिक क्षेत्रमा हुने गैह्र प्राज्ञिक गतिविधिलाई दुरुत्साहन गर्नु हुन समेत अपिल गर्दछौं ।

अस्पताल तथा स्कुल परिवार

SCHOOL OF MEDICAL SCIENCES